नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण

SitRep
# २०

२७ असार २०७७

# दैनिक विपद् बुलेटिन

२६ असार विहान १०:०० बजेदेखि २७ असार बिहान १०:०० बजे सम्म

**नेपाल**मा विभिन्न जिल्लामा गरेर १८ स्थानमा **पहिरो**, ८ स्थानमा **अबिरल वर्षा**, ४ स्थानमा **बाढी**, ५ स्थानमा **आगलागी**का घटना भएका छन् । अन्य २ स्थानमा ढुंगा खसेर मानिसलाई लागेको छ । यी घटनामा परेर २ जनाको **मृत्यु**, २० जना **घाईते**, र ३ जना **बेपत्ता** छन् । ५ स्थानमा **बाटो अबरुद्ध** भएका छन् ।

| मृत्यु संख्या | हराएको | घट्ना संख्या | घाइते | अनुमानित क्षति रु. | सडक अवरोध | चौपाया क्षति |
|---|---|---|---|---|---|---|
| २ | ३ | ३७ | २० | ३४,६०,००० | ५ | ५७ |

## घट्ना सारांश

- मुलुकभर गएको २४ घण्टामा विपद्का **३७ वटा** घट्नाहरु भएका छन् ।
- **काठमाण्डौ** महानगरपालिका वडा नं.१६ बालाजु औधोगिक क्षेत्रभित्र रहेको उत्सव डिटरजेन्ट एण्ड कस्मेटिक उद्योगमा सेनिटाइजर बनाउन प्रयोग गरिने मेसिनमा अचानक **आगलागी** हुँदा उक्त स्थानमा काम गर्ने **७ जना कामदार घाईते भएका छन्** ।
- **महोत्तरी**को बलवा नगरपालिका वडा नं.४ स्थित एउटा गोठमा अचानक **आगलागी** हुँदा गोठ पूर्ण रुपमा जली एउटा गाई, एउटा बाछो मरि **३ लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **दाङ**को तुलसीपुर उपमहानगरपालिका वडा नं.१७ भण्डारी चोकस्थित एक घरमा सञ्चालित **पसलमा बिजुली सर्ट** भई **आगलागी** भएको छ । पसल पूर्णरुपमा जली नष्ट भएको छ ।
- **नेपालगञ्ज** उपमहानगरपालिका वडा नं ३ स्थित काचो कपडा पसलमा बिद्युत सर्ट भई अचानक **आगलागी** हुँदा **१५ लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **पर्सा**को बिरगंज महानगरपालिका वडा नं ९ स्थित एक खाजा घरमा बिजुलीको तार सर्ट भई अचानक **आगलागी** हुँदा **३ लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **जाजरकोट** बारेकोट गाउँपालिका वडा नं.४ गोठगाँउको एउटा घर माथिवाट ढुङ्गा आई घरमा खसी **घर भत्किन** जाँदा एक व्यक्तिको टाउकोमा चोट लागी **घाईते** भएको छ । वारेकोट गाउँपालिकाकै वडा नं.६मा **पहिरो** आई ३ जना ब्यक्तिहरु **घाईते** भएका छन् भने वडा नं.६ मा नै कार्की जिउला धुमस्थित दशमारे **खोला तर्ने क्रममा** बर्षाको कारण बाढी आई २ जना व्यक्ति बगाई **बेपत्ता** भएको र **एक बालक** घाईते भएको छ ।
- **गुल्मी**को कालीगण्डकी गाउँपालिका वडा नं ४ फुर्सेमा खेतमा कुलो बनाईरहेको अवस्थामा अचानक माथिबाट ढिस्को झरी पुरिन जाँदा **एक जनाको घटनास्थलमा नै मृत्यु** भएको छ ।
- सर्लाही चन्द्रनगर गाउँपालिका वडा नं.५ मा २ वटा कच्ची घर अबिरल **बर्षाको कारण भत्किन** गई ३ **लाख २५ हजार रुपैयाँ** बराबरको क्षति भएको छ । ब्रम्हपुरी गाउँपालिका वडा नं.७ सखुवाटोल**को** कच्ची **घर अबिरल बर्षाको कारण भत्किन** गई **३५ हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।

## घट्ना सारांश...

- **सिन्धुपाल्चोक** भोटेकोशी गाउँपालिका वडा नं. २ तातोपानीमा माथिबाट **पहिरो** जाँदा ४ वटा घर र पार्किङ गरि राखेको एउटा **बलेरो गाडीमा** क्षति भएको छ । यसैगरी **गुरुरेमबुर्क्षको मन्दिर** आधा पुरिएको र पार्कीङ गरिराखेको कन्टेनर भ्यान समेत पुरीएको छ । वडा नं. ३ तारछुङमा २ वटा कच्ची घर **माथीबाट पहिरो** आई पुरिएको छ । प्रभावित परिवारहरुलाई नयाँ बस्तीमा आफन्तहरुको घरमा सारिएको छ । जुगलगाउँपालिका वडा नं.३ **बलेफी हाईड्रो पावर**को ईन्टेकमा रहेको **मानिस बस्ने क्याम्प, २ वटा** स्काभेटर, १ टिफर, ५० टन रड, **श्री घिउले देवी आधारभुत**विद्यालयको एउटा भवन, एउटापक्की घर र गोठभित्र रहेको २ वटा गोरु समेत पुरिएको छ ।भोटेकोशी गाउँपालिका वडा नं.३ लार्चा खुम्पातेमा आएको **पहिरोमा परी एक जना बेपत्ता**, दुइ जना घाइते भएका छन् । बाढीले ९ वटा कच्ची घर बगाएको छ । एउटा कुखुरा फर्ममा रहेको १०० वटा कुखुरा र बाख्रा फर्ममा रहेको ५० वटा बाख्रा बगाई लगेको छ । २५ घर जोखिममा रहेको छ ।
- **दोलखा**को जिरी नगरपालिका वडा नं.१ झरेनी**को** जंगलमा २ जना व्यक्तिहरु गाइ गोरु चराउने क्रममा माथिबाट ढुंगा माटो खसी निजहरुलाई टाउकोमा सामान्य चोट लागी **घाइते** भएका छन् ।
- **लमजुङ** राइनस नगरपालिका वडा नं १ आरुबोटको एक घरमा अबिरल बर्षाको कारण **धन्सार पहिरिन** गई उक्त धन्सारमा रहेको १ वटा गाईको **मरेको छ** भने अन्य समाग्रीहरु समतेबाट **४ लाख रुपैयाँ** बराबरको क्षति भएको छ । मर्स्याङदी गाउँपालिका वडा नं ८ भुलभुलेमा पहिरोबाट एक घरमा पुर्ण क्षति र अर्को एक घर आंशिक रुपमा क्षति भएको छ ।
- **कास्की** पोखरा महानगरपालिका वडा नं.२९ स्यानधारीमा एक व्यक्ति बाख्रा चराउन गएकोमा माथिबाट **अचानक पहिरो आई** ३ वटा खसी ,१ वटा बाख्रा पुरिएको छ । वडा नं.३३ चैनपुर कुनामा **पहिरो** आई एक घर भत्केको र एक धन्सार चर्किएको छ । वडा नं.११ काहुँडाँडाँमा एक कच्ची घरको आँगन अविरल वर्षादका कारण दबिन गई घरको कोठा चर्किन गई जोखिम भएको छ ।**अर्को एकघर**को जमिन दाबिन गई घर चर्किएको छ । बिस्थापितहरुको परिवार छिमेकिको घरमा गई बसेका छन् । वडा नं.२५ हेम्जामा एउटा **कुखुरा फर्ममा** भलपानी पस्न गई १००० वटा बोईलर कुखुराका चल्लाहरु मरेको छ । वडा नं १० रामघाट स्थित सेति नदिमा पानीको बहाब बढि सुकुम्बासी बस्तीमा पसि बंगुर १५८ वटा र कुखुरा १९ वटा बगाएको छ । वडा नं २७ दिपाङतालमा पहिरोमा परि एकजना घाईते भएको छ । वडा नं २२ सिम्लेगैह्रा स्थित एक घरमा माथिबाट पहिरो आई एक घर गोठसंगै १ हल गोरु पुरिएको छ ।वडा नं १४ रातोडाडा स्थित सुन्दरटोल बस्तीमा पहिरोबाट ३ वटा घरमा क्षति पुगेको छ ।
- **म्याग्दीको** रघुगगा गाउँपालिका वडा नं ६ ठाडाखानिका एक व्यक्ति घाँस पात गर्नको लागी गोठमा हिडेकोमा लापु खोलाले बगाई **मृत अबस्थामा फेला** पारेको छ ।
- **नवलपरासी पश्चिमको** पाल्हीनन्दन गाउँपालिका वडा नं १ हरिजन टोलमा अविरल वर्षाको कारण ३ वटा घर **भत्किई १ लाख २५ हजार रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **तेह्रथुमको** लालिगुंरास नगरपालिका वडा नं ९ काडेमा पहिरो आई एक घर बगाउँदा **८ लाख रुपैयाँ** बराबरको क्षति भएको छ ।
- **उदयपुरको** कटारी नगरपालिका वडा नं ११ बेतिनिमा गएको पहिरोमा परेर एक व्यक्ति घाईते भएको छ ।
- **रुपन्देहीको** कोटहीमाई गाउँपालिका वडा नं ५ ठुलो मझगावामा अबिरल वर्षाका कारण निर्माणाधिन घरको पुर्व पट्टिको पर्खाल भत्किई एकजना महिला घाईते भएकी छिन् ।
- **डोटीको** के.आई.सिहं गाउँपालिका वडा नं ५ सलेरीमा वायलबाट दिपायल तर्फ आउने क्रममा सडक माथिबाट सुख्खा पहिरो आई से.१ च.२१२५ नं .को बोलेरो जिपको पछाडिको भाग च्यापिएको छ ।

## सडक अवरोध

- **रसुवाको** गोसाईकुण्ड गाउँपालिका वडा नं २ टिमुरे तातोपानी डाडा र कुलुङ पुलस्थित **स्याफ्रुबेशी टिमुरे पासाङ ल्हामु सडक खण्ड**मा सडक माथिबाट **पहिरो** आई **बाटो पुर्णरुपमा अबरुद्ध** भएको छ ।
- **दैलेखको** गुराँस गाउँपालिका वडा नं १ पिपलचौतारास्थित कर्णाली राजमार्गमा **पहिरो** आइ **बाटो अबरुद्ध** भएको छ।
- **दार्चुला**को मार्मा गाउँपालिका वडा नं ३ नलबगरमा **गोकुलेश्वर लटिनाथ सडक खण्ड पहिरो** आई **अवरुद्ध** भएको छ ।
- **बझाङ्ग**को केदारस्युँ गाउँपालिका वडा नं १ नारी गौडा खोलामा पानीको सतह बढ्न गई **जयपृथ्वी राजमार्ग अवरोध** भएको छ ।
- **कास्कीको** अन्नपुर्ण गाउँपालिका वडा नं ७ र ८ को सिमाना हाईजुङ स्थित **नयाँपुलबाट बिरेठाँटी जाने कच्ची सडक खण्ड** माथिबाट **पहिरो** आई **सडक अबरुद्ध** भएको ।


## प्रतिकार्य

- सुरक्षा निकायको टोलीबाट घाईतेलाई स्थानीय स्वास्थ्य उपचार केन्द्रमा पुर्याउनुका साथै बेपत्ता व्यक्तिहरुको स्थानीयको सहयोगमा खोजी कार्य भइरहेको छ । साथै पहिरोका कारण अबरुद्ध बनेको बाटो खोल्ने प्रयास भइरहेको छ ।

## वर्षाको सारांश

२०७७ साल असार २६ गते बिहान ०८:४५ बजे देखि असार २७ गते बिहान ०८:४५ सम्म

आज असार २७ गते बिहान ०८:४५ बजे २१४ वटा वर्षा मापन केन्द्रहरु (मानब संचालितः ३३ र स्वचालितः १८१) मा मापन गरिएको वर्षाको विवरण अनुसार १८३ वटा केन्द्रहरुमा वर्षा भएको छ (चित्र १)। उक्त केन्द्रहरु मध्ये सबै भन्दा बढि वर्षा (१२९.८ मि. मी.) सिन्धुली जिल्लाको हरिहरपुरगढी केन्द्रमा मापन गरिएको छ। वर्षा मापन भएका केन्द्रहरु मध्ये १ वटा केन्द्रमा १०० मि. मी. भन्दा बढि, २० वटा केन्द्रमा ५० मि. मी. भन्दा बढि, ५७ वटा केन्द्रमा २५ मि. मी. भन्दा बढि र १०७ वटा केन्द्रमा १० मि. मी. भन्दा बढि वर्षा मापन भएको छ।




**चित्र १: दैनिक वर्षा (छायांकित रंग) तथा केन्द्रको अवस्थिती (गोलाकार संकेत)**

वर्षा तथा जलवायु सम्बन्धि थप जानकारीको लागि www.dhm.gov.np/climate/ मा हर्नुहोस।

## बाढी पूर्वानुमान

असार २७ शनिबार

- आज कोशी, नारायणीमा बहाव सतर्कता आसपासनै हुने तथा नारायणी र यसका केहि सहायक नदीमा आज राती पछि खतरा आसपास सम्म पनि पुग्न सक्ने । कर्णाली, महाकाली र यसका सहायक नदीहरुमा बहाव बढ्दो हुने तर सबैमा बहाव सतर्कता भन्दा तलै हुने।
- आज कन्काई, कमला, बागमती लगायतमा बहाव बढ्दो हुने, केहि सहायक नदीमा आकस्मिक बहाव (Flash Flood) हुन सक्ने तथा केहिमा खतरा तह आसपास सम्म पुग्न सक्ने । पश्चिम राप्ती, बबई लगायतमा पनि बहाव बढ्दो हुने र केहि सहायक नदीमा बहाव सतर्कता पुग्न सक्ने
- आज मेचि, विरिङ, निन्दा, लोहन्द्रा, चिसाङखोला, त्रियुगा, माउली, गगान, खाडो, रातो, चुरियाखोला, लालबकैया, पूर्वी राप्ती लगायत प्रदेश १, २ र बागमती प्रदेश चुरे र तराईबाट बहने साना नदीमा बहाव धेरैमा सतर्कता आसपास पुग्ने र केहिमा खतरा सम्म पुग्न सक्ने पुर्वानुमान छ ।
- आज ईलाम, झापा, मोरङ, सुनसरी, धनकुटा, उदयपुर, सप्तरी लगायत प्रदेश २ को सबै जिल्लाहरु, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रेपलाञ्चोक, मकवानपुर, चितवन, नुवाकोट, काठमाण्डौ उपत्यका, नवलपरासी, लम्जुङ, तनहुँ, स्याङ्जा, पर्वत, कास्की, म्याग्दी, बागलुङ , गुल्मी, रूपन्देही, कपिलबस्तु, दाङ, बाँके, बर्दिया, रोल्पा, प्यूठान, सु.प. प्रदेशको कैलाली, कञ्चनपुर, डोटी भई बहने स-साना नदीमा आकस्मिक बहावको संभावना रहेको छ ।

थप जानकारीका लागि जल तथा मौसम विज्ञान विभागको वेभसाइटः http://hydrology.gov.np/